मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया बन्दाजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक ३० गते आइतबार ❑ 16 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## गण्डकी प्रदेशसभामा गाँजाखेतीसम्बन्धी विधेयक विषयगत समितिमा

पोखरापत्र संवाददाता
पोखरा, २९ कार्तिक

गण्डकी प्रदेशसभामा सामान्य छलफलपछि संशोधन प्रस्तावसहित 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्न बनेको विधेयक' दफावार छलफलका लागि विषयगत समितिमा पठाइएको छ।

यही कात्तिक २४ गते बसेको प्रदेशसभा बैठकमा प्रस्तुत भएको उक्त विधेयकमा दुई जना प्रदेशसभा सदस्यबाट संशोधनको सूचना प्राप्त भएको थियो।

शुक्रबारको प्रदेशसभा बैठकले संशोधन प्रस्तावसहित उक्त विधेयकलाई दफावार छलफलका लागि विषयगत समितिमा पठाउने प्रस्तावलाई सर्वसम्मत पारित गरेको प्रदेशसभाका उपसभामुख वीनाकुमारी थापाले जानकारी दिनुभयो।

विषयगत समितिमा दफावार छलफलपछि पुनः प्रदेशसभामा बैठकमा छलफल भएपछि विधेयक पारितको प्रक्रिया अगाडि बढ्ने प्रदेशसभा सचिवालयले जनाएको छ।

लागुऔषधसम्बन्धी सङ्घीय ऐन र अन्य प्रचलित कानुनसँग नबाझिने गरी गाँजाखेतीसम्बन्धी कानुन बनाउने तयारीमा प्रदेश सरकार छ। प्रदेशसभामा प्रस्तुत भएको भइसकेको उक्त विधेयकमा गाँजाखेती र व्यवसायका लागि कडा प्रावधान राखिएको छ।

प्रदेश सरकारले गाँजाखेतीसम्बन्धी नौ प्रकारको इजाजत दिनेगरी विधेयकको तयार पारेको हो। जसमा प्रतिव्यक्ति निवेदन दस्तुरको रु पाँच हजारदेखि खरिद बिक्रीसँगै आयात-निर्यातका लागि रु एक करोड ५० लाखसम्म तिरेर अनुमति लिनुपर्ने पाउने व्यवस्था गरिएको छ। गाँजाखेतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट अनुमति लिनुपर्ने र सोको अन्तिम निर्णयगर्ने अधिकार मुख्यमन्त्रीमा रहने गरी विधेयकमा प्रस्ताव गरिएको छ।

अनुमतिबिना गाँजाखेती, ओसारपसार र बिक्रीवितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ। गाँजाजन्य पदार्थको विज्ञापन गर्न नपाइने तर रेशाबाट बनेका कपडा, तेलजस्ता औद्योगिक उत्पादनको भने विज्ञापन गर्न पाइने व्यवस्था विधेयकमा गरिएको छ। गाँजाखेती व्यवस्थापन र नियमनका लागि शक्तिशाली 'गाँजा नियमन बोर्ड' गठनको प्रस्ताव गरिएको छ।

## मानव कल्याण नै ठूलो धर्म: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २९ कार्तिक



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले मानव कल्याण भन्दा अरु ठूलो धर्म नभएको बताउनुभएको छ।

सहयोगापेक्षी सडक आश्रित मानवको हित गर्ने कार्य पुण्यको कर्म भएको उहाँको भनाई छ।

पोखराको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले शनिबार आयोजना गरेको श्री हेमदेवी धर्म, संस्कृति तथा समाज सेवा पुरस्कार अर्पण समारोहमा उहाँले यस्तो बताउनुभएको हो। उक्त पुरस्कार यस वर्ष मानवसेवा आश्रम नेपाललाई संस्थागत रुपमा प्रदान गरिएको छ। समितिका संस्थापक अध्यक्ष स्वर्गीय हेम बहादुर प्रधानले १५ लाख अक्षयकोष खडा गरी स्थापना गर्नुभएको उक्त पुरस्कारको राशी १ लाख १ हजार रहेको छ।

समितिका तर्फबाट प्रदेश प्रमुख भट्ट, समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले आश्रमका सञ्चालक राम्जी अधिकारीलाई पुरस्कार प्रदान गर्नुभएको थियो।

प्रदेश प्रमुख भट्टले मानवसेवा आश्रमले सुरु गरेको मानवता प्रवर्द्धनको महाअभियानलाई सबैले साथ दिनुपर्ने बताउनुभयो। पोखराको प्रसिद्ध धार्मिक स्थल विन्ध्यवासिनी मन्दिरको विकास, संरक्षण, पूर्वाधार निर्माण तथा व्यवस्थापनमा क्रियाशील समितिको निरन्तर सेवाको पनि उहाँले प्रशंसा गर्नुभयो।

'सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्ने अभियानमा १४ वर्षदेखि अनवरत लागिरहेको मानवसेवा आश्रमलाई यो सम्मान अर्पण गर्ने निर्णयप्रति समितिलाई धन्यवाद व्यक्त गर्दछु र आश्रम सञ्चालकहरूलाई बधाई दिन चाहन्छु।' प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'आफ्नो लागि केही गर्न नसक्ने अवस्थामा रहेका सहयोगापेक्षी मानवहरुको उद्धार, पालनपोषण, संरक्षण, पारिवारिक पुनःमिलन कार्यक्रम गरिरहेकोमा आश्रमको कामलाई मुक्तकण्ठले प्रशंसा गर्दछु।'

यस पुरस्कारबाट यसअघि राष्ट्रपतिको समुपस्थितमा विशिष्ट संस्कृतिसाधक स्वर्गीय सत्यमोहन जोशी, स्वामी आत्मानन्द गिरीजी महाराज, समाजसेवी दुर्गा घिमिरे, संस्कृतिविद् साहित्यकार तुलसी दिवस र स्वामी कमलनयन आचार्य मुक्तिनाथ बाबालाई सम्मान गरिसकेको साहित्यकार तीर्थ श्रेष्ठले जानकारी दिनुभयो।

## पुनर्निर्माणका लागि खर्च कटौती गर्दै गण्डकी सरकार

पोखरापत्र संवाददाता
गण्डकी, २९ कार्तिक

'जेनजी' प्रदर्शनका क्रममा क्षतिग्रस्त बनेका सरकारी संरचनाको पुनर्निर्माणका लागि गण्डकी प्रदेश सरकारले चालु वर्षको बजेट तथा कार्यक्रमबाट खर्च कटौती गरी स्रोत जुटाउने भएको छ।

अत्यावश्यक चालु कार्यक्रमबाहेकबाट खर्च कटौती गरी पुनर्निर्माणका लागि स्रोत जुटाउने नीतिगत निर्णय लिई कार्यान्वयनमा जान सबै मन्त्रालयलाई निर्देशन दिइसकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार गण्डकी प्रदेशभित्र जेनजी प्रदर्शनका क्रममा सरकारी भवन र सवार साधनमा गरी करिब रु दुई अर्बको क्षति पुगेको छ। मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले क्षति पुगेका संरचनाको तीन चरणमा पुनर्निर्माण गरिने बताउनुभयो। तत्काल मर्मतसम्भार गर्न सकिने संरचनाको काम पहिलो चरणमा भइरहेको उहाँको भनाइ छ। दोस्रो चरणमा आंशिक क्षति पुगेका भौतिक संरचनाको प्रवलीकरण गरिने र पुनर्निर्माण गर्नुपर्ने संरचनाको काम तेस्रो चरणमा गरिने भएको हो। "कतिपय भवनलगायत ठूला संरचना पूरै भत्काएर नयाँ बनाउनुपर्ने छ, तिनको पुनर्निर्माणका लागि आगामी वर्षको बजेटबाट स्रोतको थप व्यवस्था हुन्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "क्षति पुगेका संरचनाको प्राविधिकहरूबाट मूल्याङ्कन र लागत योजनासमेत तयार गरिएको छ, कतिपय संरचनाको पुनर्निर्माणका लागि ठेक्का प्रक्रियासमेत अगाडि बढिसकेको छ।" एकैसाथ धेरै संरचनामा क्षति पुगेकाले पुनर्निर्माणका लागि स्रोत जुटाउन समस्या भइरहेको उहाँको भनाइ छ।

दीर्घकालीन रूपमा गर्नुपर्ने पुनर्निर्माणका लागि प्रदेश सरकारले योजना बनाइरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। जेनजी प्रदर्शनका क्रममा कास्की, तनहुँ, नवलपुर, पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जा गरी सात जिल्लाका १३८ वटा सरकारी कार्यालय र ६१ वटा निजी संरचनामा क्षति पुगेको थियो।

कार्यालयका अनुसार प्रदेशभित्र ३६१ वटा दुईपाङ्ग्रे सवारीसाधनमा आगजनी भएको, सातवटा तोडफोड गरिएको र तीनवटा हराएका थिए। यस्तै १६१ वटा चारपाङ्ग्रे सवारीसाधनमा आगजनी भएको र ३१ वटा तोडफोड भएको जनाइएको छ।

## डिजेल र पेट्रोलको मूल्य बढ्यो

रासस
काठमाडौं, २९ कार्तिक

नेपाल आयल निगमले डिजेल/मट्टितेल र पेट्रोलको मूल्य बढाएको छ। निगम सञ्चालक समितिको शनिबारको बैठकले शनिबार मध्यरातिदेखि लागू हुनेगरी डिजेल र मट्टितेलको साबिकको बिक्री मूल्यमा मूल्य प्रतिलिटर रु तीन रुपैयाँ र पेट्रोलमा प्रतिलिटर रु दुई बढाएको हो। मूल्य समायोजनसँगै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मंसिरभित्रै १५औँ महाधिवेशन गर्न कांग्रेस गण्डकी प्रदेश समितिको माग

पोखरापत्र संवाददाता
गण्डकी, २९ कार्तिक

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिले पार्टीको १५औँ महाधिवेशन नियमित रूपमा मङ्सिर महिनाभित्रै गर्न केन्द्रलाई सिफारिस गरेको छ।

गण्डकी प्रदेशद्वारा शनिबार पोखरामा आयोजित प्रदेशस्तरीय भेलाले सर्वसम्मत निर्णयसहित मङ्सिरभित्रै पार्टीको नियमित महाधिवेशन गर्न माग गर्दै केन्द्रलाई सिफारिस गरेको प्रवक्ता माधवप्रसाद बाँस्तोलाले जानकारी दिनुभयो। नियमित महाधिवेशन हुन नसकेमा पार्टी विधानअनुसार विशेष महाधिवेशन गर्नुपर्ने निर्णयसमेत प्रदेश समितिले केन्द्रलाई सिफारिस गरेको उहाँले जानकारी दिनुभयो। प्रदेशका ११ वटै जिल्लाबाट प्रतिनिधिहरू सहभागी भेलाले भदौ २३ र २४ गते भएको घटनाप्रति दुःख व्यक्त गर्दै पार्टी सभापति शेरबहादुर देउवा दम्पतीमाथि आक्रमणप्रति आपत्ति जनाएको छ।

भेलालाई सम्बोधन गर्दै प्रदेश सभापति शुक्रराज शर्माले मुलुकको बदलिएको राजनीतिक परिस्थितिमा पार्टीको १५औँ महाधिवेशन नियमित रूपमा गर्न आवश्यक भएको र नियमित नसकिए विशेष महाधिवेशनमा जानुपर्नेमा जोड दिनुभयो। उहाँले नेपाली जनतालाई साथमै लिएर कांग्रेसले आफ्नो सिद्धान्तलाई अगाडि सार्नुपर्ने भन्दै पार्टीले आफ्नो सिद्धान्त छाड्दा जनताबाट टाढा हुँदै गएको जिकिर गर्नुभयो। "जनतालाई मालिक मानेर सेवा गर्न कांग्रेसका नेता कार्यकर्ता लाग्नुपर्छ। त्यसका लागि महाधिवेशन हुनुपर्छ। नियमित महाधिवेशनले मात्र पार्टीलाई बलियो बनाउँछ", सभापति शर्माले भन्नुभयो।

## युवा पुस्ताले जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासन चाहन्छ : प्रधानमन्त्री

रासस
काठमाडौं, २९ कार्तिक

प्रधानमन्त्री सुशीला कार्कीले अस्ट्रेलिया र नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको ६५औँ वार्षिकोत्सव कार्यक्रममा आज सरिक हुनुभएको छ।


नेपालस्थित अस्ट्रेलियाली राजदूतावासले काठमाडौँमा आयोजना गरेको समारोहमा उहाँले दुई देशबीचको पारस्परिक सम्मान, दिगो मित्रता र साझा लोकतान्त्रिक मूल्यमा आधारित साझेदारीको स्मरण गर्दै नेपाल सरकार तथा नेपाली जनताको तर्फबाट अस्ट्रेलियाका जनताप्रति हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

उहाँले हालसालैको जेनजी आन्दोलनपछि नेपाल आफ्नो लोकतान्त्रिक यात्रामा दृढतापूर्वक अगाडि बढिरहेको उल्लेख गर्दै सम्बोधनका क्रममा भन्नुभयो, "यस आन्दोलनले हाम्रो युवा पुस्ताले जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासन चाहन्छ भन्ने स्पष्ट सन्देश दियो। मेरो सरकारले यी लक्ष्य पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ र यसैअन्तर्गत हामी आगामी फागुन २१ मा हुन लागिरहेको प्रतिनिधिसभा निर्वाचनका लागि तयारी गरिरहेका छौँ।"

अस्ट्रेलियाबाट प्राप्त मैत्रीभाव, विकास सहायता तथा लोकतान्त्रिक र समावेशी रूपान्तरणप्रतिको समर्थनलाई उहाँले अत्यन्त मूल्यवान भन्दै प्रधानमन्त्री कार्कीले कृतज्ञता पनि व्यक्त गर्नुभयो।

नेपाल र अस्ट्रेलियाबीचमा औपचारिक सम्बन्ध स्थापना भएदेखि नै निरन्तर मित्रता सुदृढ हुँदै आइरहेको बताउँदै उहाँले शिक्षा, व्यापार, विकास र संस्कृतिसहितका महत्वपूर्ण क्षेत्रमा दशकौँदेखिको सहकार्यका लागि आभार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "नेपालको विकास यात्रामा अस्ट्रेलिया एक विश्वस्त साझेदार रहँदै आएको छ। शिक्षा, स्वास्थ्य, सुशासन, ग्रामीण विकास र विपद् व्यवस्थापनजस्ता क्षेत्रमा प्राप्त सहयोगले हाम्रो राष्ट्रिय प्रगतिमा महत्वपूर्ण योगदान पुगेको छ।" नेपाल र अस्ट्रेलियाले विभिन्न अन्तराष्ट्रिय तथा बहुपक्षीय मञ्चमा एकअर्कालाई समर्थन गर्दै आएको सन्दर्भ अगाडि सार्दै उहाँले यसबाट दुई देशबीचका

बाँकी अन्तिम पृष्ठमा ▶▶



# पोखराम १० किलोमिटर सडक दौडको उपाधि भण्डारी र तामाङलाई

**पोखरापत्र संवाददाता**
गण्डकी, २९ कार्तिक



पोखरा १० किलोमिटर सडक दौड प्रतियोगिताको उपाधि महिला तर्फ नारायणी भण्डारी र पुरुष तर्फ मिङ सिडी तामाङले जित्नु भएको छ।

कास्की जिल्ला एथलेटिक्स संघले शनिबार पोखरामा आयोजना गरेको 'एक्सट्रिम एनर्जी ड्रिङ्क्स पोखरा १० के रेस' मा महिला तर्फ भण्डारीले ४१ मिनेट २३:८० सेकेण्डमा दुरी पार गरी प्रथम हुँदा पुरुष तर्फ भने तामाङले ३१ मिनेटमा उक्त दुरी पार गर्दै उपाधि जित्नु भएको हो। महिला तर्फको उक्त प्रतियोगितामा ४२ मिनेट ६:९६ सेकेण्डमा उक्त दुरी पार गरी मुना माया श्रेष्ठ दोश्रो हुँदा ४४ मिनेट ५३:१४ सेकेण्डमा उक्त दुरी पार गरी द्रौपत्ताकुमारी कठायत तेश्रो हुनुभयो । यमुना घर्ती मगर चौथो हुँदा सनि चौधरी भने पाँचौं स्थानमा आउन सफल हुनु भयो। श्रेष्ठ, कठायत र घर्ती मगर नेपाली सेनाका खेलाडीहरु हुनुहुन्छ । त्यसै गरी पुरुष तर्फ दील बहादुर बुढाले ३१ मिनेट ३९ सेकेण्डमा उक्त दुरी पार गरी दोश्रो हुँदा बादक कार्कीले ३३ मिनेट ८ सेकेण्डमा उक्त दुरी पार गरी तेश्रो हुनु भएको हो। गौतम श्रेष्ठ चौथो हुँदा कमल नेपाली पाचौ स्थानमा आउन सफल हुनु भयो। त्यसै गरी ५ किलोमिटर छात्र/छात्रातर्फको दौडमा छात्रा तर्फ गौरी शंकर माविकी पुष्पा भण्डारी प्रथम हुँदा मेघराज स्कुलकी एन्जीला जिटी दोश्रो र छोरेपाटन माविकी साधना परियार तेश्रो हुनु भयो। भण्डारीले २२ मिनेट २३ सेकेण्डमा उक्त दुरी पार गर्दा जिटीले भने २५ मिनेट ०:३४ सेकेण्डमा उक्त दुरी पार गर्नु भएको हो। त्यसै गरी छात्र तर्फ त्रिवेणी पब्लिक स्कुलका अमृत विश्वकर्मा प्रथम हुँदा श्री नेपाल राष्ट्रिय स्कुलका रुपेशकुमार माझी दोश्रो र छोरेपाटन माविका तेन्जोन रोक्का तेश्रो हुनु भयो। विश्वकर्माले निर्धारित दुरी १८ मिनेट ५५ सेकेण्डमा पार गर्दा मधेश प्रदेशबाट सहभागि माझीले १९ मिनेट ३:९५ सेकेण्डमा उक्त दुरी पार गर्नु भएको हो। १० किमि दौड पहिलो हुने देखि लिएर पाँचौ स्थान सम्म प्राप्त गर्ने महिला/पुरूषतर्फ समान नगद क्रमश प्रथम, दोश्रो, तेश्रो, चौथो, पाचौलाई २०, १५, १०, ७ र ५ हजारका साथमा मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ।

विद्यालय छात्र/छात्रा दौडतर्फ क्रमश पहिलो देखि पाँचौ स्थान सम्मका लागि १०, ७, ५, ३ र २ हजार नगद प्रदान गरियो। विजयी खेलाडीहरुलाई पोखराका मेयर धनराज आचार्य, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशमा बरिष्ठ निर्देशक एवं प्रमुख मणि राज लामिछाने, पश्चिम पृतना हेक क्याटरका पृतनापति मधुकर सिंह कार्की, प्रदेश खेलकुद परिषद गण्डकीका पूर्व सदस्य सचिव तेज बहादुर गुरुङ, पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदार, भूत पूर्व खेलाडी मञ्चका अध्यक्ष दील बहादुर गुरुङ, कास्की एथलेटिक्सका अध्यक्ष गज बहादुर गुरूङ लगायतले पुरस्कार वितरण गर्नु भएको थियो । यस अघि पोखराका मेयर आचार्यले प्रतियोगिताको उद्घाटन गर्नु भएको थियो । प्रतियोगितामा १ हजार ४ सय ८० जना खेलाडीहरु सहभागि भएको कास्की एथलेटिक्सका सचिब सिद्धान्त अधिकारीले बताउनु भयो । एथलेटिक्स खेलको विकास र प्रवर्द्धन पहिलो पटक आयोजना गरिएको पोखरा १० के रेसमा उत्साहजनक रूपमा खेलाडीको सहभागिता रहेको अध्यक्ष गज बहादुर गुरूङले बताउनु भयो । त्यस्तै टप २५ जना फिनिसरलाई गिफ्ट ह्याम्परको समेत व्यवस्था आयोजकले गरेको थियो । प्रतियोगितालाई प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगर पालिका र एक्सट्रिम एनर्जी ड्रिङ्कले सहकार्य गरेको आयोजकले जनाएको छ । प्रतियोगिता सम्पन्न गर्न करिव १५ लाख खर्च लाग्ने संघले जनाएको छ।

# पोखराको घार्मीमा बालाचतुर्दशी पर्व धार्मिक मेलाको रूपमा मनाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ कार्तिक



पोखराको धार्मिक पर्यटकीय स्थल घार्मीमा बालाचतुर्दशी पर्व धुमधामका साथ मनाइने भएको छ।

पोखरा महानगरपालिका वडा नं १९ घार्मीस्थित मणिमा रहेको ओमकारेश्वर महादेव मन्दिर परिसरमा सयौं भक्तजनको सहभागितामा सद्बिज छरेर बालाचतुर्दशी पर्व मनाउने तयारी भइरहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराज पौडेलले जानकारी दिए । यही मंसिर ३ गते परेको पर्वलाई केन्द्रीत गरी मन्दिर परिषरमा सरसफाई गरी बिभिन्न ध्वजापताका र तोरणले सजाउने कार्य शुरु गरिएको अध्यक्ष पौडेलले बताए। स्थानीय व्यक्तिको घरबाट विधिपूर्वक पूजाआजा गरि निकालिने फुलको डोली बाजागाजा र भजनकिर्तनसहित विभिन्न भागको परिक्रमा गरी मन्दिर परिसरमा पुर्याउने प्रचलन छाफुलको डोली निकाल्दा र बोक्दा मनले चिताएको इच्छा पूरा हुने जनविश्वास रहिआएको छ । चोखो नितो गरी शुद्ध भई सद्बिज छर्नाले पितृ उद्धार हुने धार्मिक मान्यता छ ।सो धार्मिक मेलामा विश्व हिन्दु महासंघ पोखरा १९, भुमे मैदान भजन समुह र स्थानीय युवाले दिनभर भजनकिर्तन गरी सहभागी भक्तजनलाई मनोरञ्जन समेत दिने बताईएको छ। स्थानीय आमा समूहले भक्तजनका लागि पानी तथा प्रसादको व्यवस्थापनको तयारी समेत गरेका छन् । त्यस क्षेत्रमा सद्बिज छर्न लामाचौर, बाटुलेचौर, हेम्जा, अर्मला, कुरेचौर, हरिपाउँ, पुरन्चौर लगायतका क्षेत्रबाट भक्तजन पुग्ने गरेको होटल व्यवसायी हिमलाल पौडेल अभिशेकले बताए। स्थानीय प्रेम बहादुर जिसीका अनुसार अघिल्ला वर्षहरुमा मन्दिरमा सद्बिज छर्न र दर्शनका लागि विहानै देखि भक्तजनको भीड लाग्ने गरेको थियो । पछिल्लो समयमा विभिन्न व्यक्ति, संघसंस्थाको सहयोगमा मन्दिरलाई व्यवस्थित र नियमित रूपमा पुजाआजा गरिएको समितिका कोषाध्यक्ष तेजेन्द्र पौडेलले जानकारी दिए ।मन्दिर परिसरमा नै रहेको घार्मी भ्यु टावरले त्यहाँ थप आकर्षण थपेको छ। पोखराको दृश्यसहित मनोरम अन्नपूर्ण हिमशृृ ला र माछापुच्छ्रेको दृश्य नजिकैबाट देख्न सकिने उक्त क्षेत्रमा दिनहुँ जसो सयौं पर्यटक पुग्ने गरेका छन् । मन्दिर स्थापनादेखि नै बालाचतुर्दशी तथा महाशिवरात्री पर्व विशेष रूपमा मनाउने गरिन्छ।

# शिव शक्ति क्याम्पसमा टुवराज अध्यक्ष

**पोखरापत्र संवाददाता**
गण्डकी, २९ कार्तिक




शिव शक्ति क्याम्पस, फूलबारीको शनिबार १७ औं क्याम्पस सभा तथा सातौं अधिवेशनबाट सञ्चालक समिति अध्यक्षमा टुवराज बास्तोला 'विशाल' निर्वाचित भएका छन् । समाजसेवी, शिक्षासेवी एवं पूर्व बैंकर हुन्। उनी दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन् ।

१५ सदस्यीय सञ्चालक समिति सदस्यमा रवीन्द्रनाथ बास्तोला, विश्वराज बास्तोला, रमेशराज बास्तोला, सरस्वती भण्डारी, डा. तुलसी प्रभास खनाल र गणेशबहादुर कार्की छन् । सदस्यसचिवमा क्याम्पस प्रमुख चन्द्रकान्त रेग्मी, प्राध्यापकतर्फबाट सदस्यमा लीलावती पनेरु र सूर्यप्रसाद घिमिरे चयन भए। पदेनसदस्यमा वडाध्यक्ष प्रेमप्रसाद कर्माचार्य, प्राध्यापक संघ सभापति तोलाकान्त न्यौपाने छन् । यस्तै, त्रिवि प्रतिनिधि, विद्यार्थी प्रतिनिधिसमेत मनोनीत हुन बाँकी छ। अध्यक्ष बास्तोलाले वार्षिक प्रतिवेदन पेस गर्दै क्याम्पसको स्थायित्व, दीर्घकालीन विकासमा सबैको हातेमाले जरुरी रहेको उल्लेख गरे । क्याम्पस प्रमुख चन्द्रकान्त रेग्मीले गत आव २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रमको गण्डकी विश्वविद्यालयका कुलपति प्राडा इन्द्रप्रसाद तिवारीले उद्घाटन गरेका थिए। कार्यक्रममा संस्थापक एवं पूर्व प्राचार्य प्रेमबहादुर राई, निवर्तमान क्याम्पस प्रमुख दीपक बास्तोला र लामो समयदेखि प्राध्यापन गर्दैआएका मनोज बास्तोलालाई सम्मान गरिएको थियो । कार्यक्रममा पोखरा ११ का वडाध्यक्ष प्रेमप्रसाद कर्माचार्य, गण्डकी प्रदेशका पूर्व मुख्य न्यायाधीवक्ता रोहितराज बास्तोला, ग्यालेक्सी माविका निर्देशक राजु कायस्थलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कायस्थले आफ्ना बाबु राधेश्याम कायस्थको नाममा १ लाख बराबरको तथा वडाध्यक्ष कर्माचारीले १ लाख ५ हजार ५५५ रुपैयाँ बराबरको अध्यक्षकोष स्थापना गर्ने घोषणा गरे। अध्यक्ष टुवराज बास्तोला 'विशाल'को अध्यक्षतामा भएको कार्यक्रमको संचालन प्राध्यापक संघ सभापति तोलाकान्त न्यौपानेले गरेका थिए। कलेजमा विभिन्न नाममा स्थापित छात्रवृत्तिहरु विद्यार्थीलाई प्रदान गरिएको थियो भने विद्यार्थीले नृत्य प्रस्तुत गरेका थिए।

# निबन्ध लेखनमा बिशेषता तिवारी प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २९ कार्तिक




तमु सँास्कृतिक प्रतिष्ठान नेपालको आयोजना भएको निबन्ध लेखन प्रतियोगितामा मदरल्याण्ड मा.विमा अध्ययन गर्ने बिशेषता तिवारी प्रथम भएकि छन् ।

"जिबनमा नैतिक शिक्षाको आवश्यकता" भन्ने शिर्षककमा भएको प्रतियोगितामा प्रथम भएकि हुन् । प्रथम भएकि तिवारीले नगद १० हजारको साथमा प्रमाणपत्र प्राप्त गरिन् । "उच्च शिक्षा हाम्रो लक्ष्य"भन्ने उद्धेश्यले २०५८ सालमा स्थापना भएको संस्थाले आफ्नो २५ औं रजत जयन्ती मनाउने क्रममा शनिवार अन्तरबिद्यालय स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरेको कार्यक्रम संयोजक लोक बहादुर गुरुङले बताए।

पोखरा ३ नदिपुरमा रहेको माउन्ट अन्नपूर्ण बिद्यालयमा आयोजना भएको प्रतियोगितामा बिन्ध्यावासिनी मा.विकि पूर्णिमा भट्टराई दोस्रो, सृजना मा.विकि दुर्गा सिग्देल तेस्रो र प्रतिभा मा.विका विशाल खत्रीले सान्तवना स्थान प्राप्त गरे। प्रतियोगितामा दोस्रो,तेस्रो र सान्तवना हुनेले क्रमश नगद ७ हजार,५ हजार र ३ हजारको साथमा प्रमाणपत्र प्राप्त गरे।

२७ बिद्यालयका ५२ जना बिद्यार्थीहरु सहभागि रहेको प्रतियोगिताको निर्णायकमा गौरीसरा गुरुङ,दण्डपानी सुवेदी, रोशनी गुरुङ रहेका थिए । कार्यक्रमका प्रमुख अतिथि लिटिल स्टेप मा.विका प्राचार्य पम्फा गुरुङले संस्था २५ औं बर्षमा प्रवेश गरेको अवसरमा शुभकामना दिदै संस्थाले तमु समुदायको क्षेत्रमा गरेका कामको प्रशंसा गरिन् । कार्यक्रममा संस्थापक अध्यक्ष खेम बहादुर गुरुङ,सल्लाहकार तेज बहादु गुरुङ,भूपू खेलाडी मञ्चका अध्यक्ष दिल बहादुर गुरुङ,तमु साहित्यीक मञ्चका अध्यक्ष तेज बहादुर तमु लगाएको सहभागिता रहेको थियो। संस्थाका अध्यक्ष श्रीजङ्ग गुरुङको अध्यक्षतामा भएको कार्यक्रममो सञ्चालन सचिव कन्चन गुरुङले गरेकि हुन्।

# छैटौं टाइगर कप भलिवल प्रतियोगिताको पुरस्कार रकममा बृद्धि

**पोखरापत्र संवाददाता**
गण्डकी, २९ कार्तिक

छैटौं संस्करणको टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लब महिला तथा पुरुष भलिबल प्रतियोगिताको पुरस्कार रकममा बृद्धि गरिएको छ।

आगामी माघ दोश्रो साता हुने उक्त प्रतियोगिताको महिला तथा पुरुष तर्फ विजेता हुने टोलीलाई ६ लाख ६६ हजार ६ सय ६६ रुपैया प्रदान गरिने भएको छ।

त्यसै गरी उपविजेतालाई भने ३ लाख ६६ हजार ६ सय ६६ साथमा शिल्ड मेडल प्रमाण पत्र प्रदान गरिने भएको हो। यस बर्ष विजेता तथा उपविजेता हुने टोलीलाई गत बर्षको तुलनामा ८१ हजार १ सय ११ रुपैया बृद्धि गरिएको टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण शर्माले बताउनु भयो । त्यसै गरी प्रतियोगितामा तेश्रो हुने टोलीलाई १ लाख ६६ हजार ६ सय ६६ रुपैया प्रदान गरिने भएको छ।

प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई २६ हजार ६ सय ६६ रुपैया प्रदान गरिने भएको छ भने प्रतियोगितामा उत्कृष्ट ५ विधाका खेलाडी सहित प्रशिक्षकलाई जनही ११ हजार ६ सय ६६ रुपैया प्रदान गरिने भएको छ। टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा पोखरा रंगशालास्थित भलिबल कोर्टमा माघ ९ देखि १७ गतेसम्म छैटौं संस्करणको टाइगर कप भलिबल प्रतियोगिता हुने भएको हो । गत बर्ष प्रतियोगितामा २ विदेशी टोली सहित ६-६ टोलीले सहभागिता जनाएका थिए्।

## युवा पुस्ताले ...

साझा मूल्य र हितलाई प्रस्ट पारिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "नेपालले क्षेत्रीय तथा विश्व शान्ति र स्थिरतालाई अत्यन्त महत्त्व दिन्छ र विश्वलाई सुरक्षित तथा समृद्ध राख्न अस्ट्रेलियाले खेलेको सकारात्मक भूमिकाको उच्च प्रशंसा गर्दछ।"

हजारौं नेपाली विद्यार्थीले अस्ट्रेलियाका विश्वविद्यालयमा उच्च शिक्षा हासिल गरेको र आज पनि उनीहरू नेपाल र अस्ट्रेलिया दुवै देशको प्रगतिमा योगदान गरिरहेको उल्लेख गर्दै उहाँले थप्नुभयो, "अस्ट्रेलियामा बसोबास गर्ने करिब दुई लाख नेपाली हाम्रो दुई देशबीच जीवन्त सेतु बनेका छन्, जसले हाम्रो सम्बन्धमा थप निकटता र आत्मीयता जोडेको छ ।" पर्यटन, प्रविधि तथा नवीकरणीय ऊर्जा क्षेत्रमा सहकार्यका नयाँ अवसर सिर्जना गर्दै नेपालमा बढाइरहेको लगानीप्रति उहाँले प्रशन्नता पनि व्यक्त गर्नुभयो । "अस्ट्रेलियासँगको बढ्दो व्यापार र लगानीका लागि हामी कृतज्ञ छौं, उहाँले भन्नुभयो, "नेपाल सन् २०२६ मा अति कम विकसित देशको श्रेणीबाट स्तरोन्तति हुने लक्ष्य पूरा गर्न द्रुतगतिले अघि बढिरहेको छ। यस महत्त्वाकांक्षी राष्ट्रिय लक्ष्य प्राप्तिका लागि प्रदान भइरहेको अस्ट्रेलियाको निरन्तर सहयोग हामीकृतज्ञतासाथस्वीकारगर्छौं।" नेपाल-अस्ट्रेलिया सम्बन्धलाई अझ सुदृढ बनाउन राजदूत लियान जोन्स्टनले दिनुभएको योगदानप्रति उहाँले धन्यवाद व्यक्त गर्नुभयो । साथै उहाँको समर्पण तथा व्यक्तिगत सङ्लग्नताले दुई मुलुकबीचको आपसी समझदारी र सहकार्यमा उल्लेखनीय प्रगति ल्याएको प्रधानमन्त्री कार्कीले बताउनुभयो। कार्यकाल समाप्त भई अस्ट्रेलिया फर्कँदै गर्दा आगामी जिम्मेवारी सफल एवं सार्थक हुन सकून भन्दै राजदूत जोन्स्टनलाई शुभकामना पनि दिनुभयो।

## डिजेल ...

डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर १४४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १४६ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १४७ रुपैयाँ कायम भएको छ। निगमले पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर १५८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १६० रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १६१ रुपैयाँ तोकेको छ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौं, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ । इन्डियन आयल कर्पोरेसनबाट आज प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा दुई रुपैयाँ ५४ पैसा र डिजेलमा छ रुपैयाँ ५३ पैसाले बढेर आएकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# एमालेको शक्ति प्रदर्शन

संसद् पुनर्स्थापना र सर्वपक्षीय सरकार माग्दै एमालेले देशभर शक्ति प्रदर्शन गरेको छ । संसद् विघटन र सुशीला कार्की नेतृत्वमा सरकार गठनलाई 'प्रतिगामी षडयन्त्र' भन्दै एमालेले जनपरिचालनसहित जिल्लाका सदरमुकाम र ठूला शहरमा जनसभा गरेको छ । एमालेले वडा, पालिका र जिल्लामा एकैचोटि कार्यक्रम गरेर चाहेमा सकिन्छ भन्ने सन्देश दिएको छाजिल्लामा भएका नेता मात्र होइन केन्द्रीय पदाधिकारी जिल्ला जिल्ला पुगेका छन । पुर्वी पहाडी जिल्ला ताप्लेजुङ देखि सुदुरपश्चिमको पहाडी जिल्ला दार्चुला सम्म शक्ति प्रदर्शन गरेर जनताको समर्थन पुराना दलहरुप्रति छ भन्ने देखाएको छ ।

सभाका लागि नेपालगन्ज पुगेका महासचिव शंकर पोखरेलले एमाले सङ्कटबाट नभागी त्यसको सामना गर्ने बताए। एमालेका नेता कार्यकर्ता देशमा लोकतन्त्र ल्याउनका लागि लामो समय जेल बसेका, भूमिगत बसेका भएकोले लोकतन्त्र विरोधी सानातिना हमलाबाट विचलित हुनु नहुने बताए । उनले भने, 'एमालेका नेता कार्यकर्ता लोकतन्त्र प्राप्तिका लागि लामो समय जेल बस्यौँ । लामो समय भूमिगत बस्यौँ । त्यसैले हामीलाई सङ्कटसँग जुध्ने अनुभव छ षडयन्त्रकारीलाई लागेको थियो पार्टी कार्यालय जलाएपछि एमाले सकिन्छ । घर जलाइपछि नेता कार्यकर्ता सकिन्छन् । तर अहिले मैदानमा हेर्नुभयो भने एमाले भन्दा अरू कुनै शक्ति देख्नु भएको छ ?'

राजनीतिक दलका कार्यकर्तालाई उच्च मनोबलका साथ पार्टी काममा खटिन आह्वान गरे। चितवन पुगेका उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले फागुन २१ गते घोषित निर्वाचनलाई प्रतिक्रान्तिलाई वैधानिकता दिने र दलहरूलाई विस्थापित गर्ने हनी ट्र्याप भएको दाबी गरे । बादलले भने, 'फागुन २१ को निर्वाचन प्रतिक्रान्तिलाई पूर्णता र वैधानिकता दिनको निम्ति गराउने निर्वाचन हो । यो सामान्य निर्वाचन होइन । संसदीय निर्वाचन जस्तो निर्वाचन होइन । साम्राज्यवादीहरूले आफ्नो दलालहरूलाई स्थापित गर्ने र प्रतिक्रान्तिलाई पूर्णता दिने र प्रतिक्रान्तिको सरकारलाई स्थायित्व दिने नौटङ्की हो । यो एउटा हनी ट्र्याप हो ।'

उनले फागुन २१ को निर्वाचनमा नेकपा एमाले नपरेको र पर्नु नहुने पनि बताए। सचिव छविलाल विश्वकर्माले जेनजी आन्दोलनमा आपराधिक गतिविधिमा संलग्नहरूलाई सरकारले तत्काल कारबाही गर्नुपर्ने माग गरे। जेलबाट भागेका कैदीहरूलाई नियन्त्रणमा लिने काम समेत सरकारले गर्न नसकेको भन्दै चुनावको वातावरण नै नबनेको जिकिर गरे । अर्का सचिव लेखराज भट्टले पनि मुलुकको राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय अखण्डताका निमित्त एमाले सङ्घर्षमा आएको बताए । कैलालीले पुगेका भट्टले देश र जनताको पक्षमा एमाले रहेको बताए । उनले पूर्व प्रधानन्यायाधीश सुशीला कार्की संविधानको खिल्ली उडाउँदै प्रधानमन्त्री बनेको भन्दै असंवैधानिक भएको जिकिर गरे। प्रतिनिधि सभा पुनर्स्थापना विकल्प नभएको बताए ।

लमजुङ पुगेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले पनि सरकारले फागुन २१ मा चुनाव नै नगराउने दाबी गरे। उनले अहिलेको समस्या समाधान गर्नको लागि संसद् पुनर्स्थापनाको विकल्प नभएको बताए । गुल्मीमा पुगेकी नेतृ रामकुमारी झाँक्रीले जेनजी आन्दोलन संविधान विरुद्ध भएको जिकिर गरिन् । उनले भनिन्, 'भदौको २३ र २४ गतेको घटनालाई हामीले असाध्यै कहालीलाग्दो र जीवनमा, हाम्रो जीवनमा, हामी बाँचेको समयमा कहिल्यै नदेखिएको यस्तो घटनाको रूपमा लिएका छौँ । यो किन भयो ? यो कसको विरुद्ध थियो ? यो कुरा आज जेनजी विद्रोहको नाममा आफ्नो स्टेबल र दाबी गरिरहने सबै साथीहरूलाई, सबै मित्रहरूलाई म भुलभुलैयामा नपर्नको लागि अनुरोध गर्न चाहन्छु । यो यत्तिकै भएको चीज थिएन ।' उनले राष्ट्रियताको बारेमा शिर ठाडो पारेर अविचलित रूपमा सरकार अगाडि बढेपछि पार्टी अध्यक्ष केपी ओली नेतृत्वको सरकारविरुद्ध घेराबन्दी भएको बताइन्।गुल्मीमा उपमहासचिव प्रदीप ज्ञवाली र सचिव गोकर्ण बिष्ट पुगेर जनतालाई पार्टीले लिएको बाटो वताएका थिए ।काठमाडौंमा मंसिर छ गते उपत्यका स्तरीय जनसभा गरेर शक्तिको मापन गर्नेछ ।देशका प्रमुख राजनीतिक दललाई विश्वासमा नलिई चुनावको कुरा प्रचारका लागि मात्र हुनेछ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# निर्माणाधीन कोबाङ-जोमसोम सडक अलपत्र



रासस
मुस्ताङ, २९ कार्तिक

उत्तर–दक्षिण जोड्ने राष्ट्रिय गौरवको आयोजना (बेनी–जोमसोम) अन्तर्गत कोबाङ–जोमसोम खण्ड निर्माण कम्पनीको ढिलासुस्तीका कारण आठ वर्षदेखि अलपत्र परेको छ । बेनी–जोमसोमको ७४ किमीअन्तर्गत कोबाङ–जोमसोम खण्डको करिब १७ किमी सडक निर्माण कम्पनीको लापरबाहीका कारण आठ वर्षदेखि अलपत्र परेको हो ।

मुस्ताङको घाँसाबाट माथिल्लो स्थानसम्म कालोपत्र भइसक्दा कोबाङ–जोमसोम खण्डको तीन स्थानमा काम हुन सकेको छैन। कालीगण्डकी करिडोरअन्तर्गत बेनी–जोमसोम सडकको चार खण्ड आर्थिक वर्ष २०७३/७४ मा ठेक्का सम्झौता भई निर्माण थालनी गरिएको थियो । पप्पु–गौरी पार्वती कोशी एण्ड न्यौपानी जेभीले ११ मिटर चौडा सडक निर्माणसहित कालोपत्र गर्न रु ७० करोड लागतमा ठेक्का सम्झौता गरेको थियो । सुरुआती चरणमा उक्त खण्डमा निर्माण कम्पनीले काममा तीव्रता दिए पनि केही समयपछि ढिलासुस्ती गरेपछि काम रोकिएको थियो । लामो समयसम्म काम नगरेपछि कालीगण्डकी करिडोर बेनी–जोमसोम–कोरला सडक आयोजनाले निर्माण कम्पनीलाई कारबाहीको प्रक्रिया अघि बढाएको थियो। आयोजनाको पटकपटकको ताकेता र कारबाहीको प्रक्रिया अघि बढाइपछि जेभीको मुख्य कम्पनी गौरी–पार्वतीले उक्त खण्डको जिम्मा लिएको थियो । गौरी पार्वती निर्माणमा फर्किए पनि आंशिक रूपमा मात्र काम भएको छ । निर्माण कम्पनीको लापरबाही र ढिलासुस्तीका कारण कामले गति लिन नसकेको आयोजना कार्यालयले जनाएको छ । आयोजनाका अनुसार उक्त सडक निर्माणका लागि कम्पनीलाई कूल ठेक्का सम्झौता लागतको शून्य दशमलव शून्य पाँच प्रतिशत हुनेगरी जरिवाना रकम कायम गरिएको छ। सुरुआती ठेक्का सम्झौता भएको कोबाङ–जोमसोम सडकको हालसम्म सातौँ चरणमा म्याद थपको प्रक्रिया अघि बढेको आयोजनाका सूचना अधिकारी इञ्जिनीयर बाबुसाहेब बैठाले जानकारी दिनुभयो । उहाँका अनुसार हाल उक्त सडकको भौतिक प्रगति ९० प्रतिशत र वित्तिय प्रगति ८० प्रतिशत छ । कोबाङ–जोमसोम सडकअन्तर्गत थासाङ गाउँपालिकाको टुकुचेमा ४०० मिटर कालोपत्र र ३०० मिटर आर सिसी प्रविधिको सडक विस्तार गर्ने काम बाँकी रहेको गौरी पार्वती निर्माण कम्पनीका प्रतिनिधि सुमन अधिकारीले बताउनुभयो । यस क्षेत्रमा कालोपत्र र आरसिसी प्रविधिको 'ड्रेन' र 'स्टक्चर'को काम सकिएको छ । साथै सोहीखण्डको मार्फा राजखोलाको पक्की पुलबाट माथिल्लो क्षेत्रमा करिब एक हजार २०० सय मिटर कालोपत्र गर्न बाँकी रहेको अधिकारीले जानकारी दिनुभयो ।

जोमसोमका पुथाङ विमानस्थल माथिबाट नेपाली सेनाको ब्यारेकसम्म करिब ५०० मिटर सडकमा 'स्टक्चर' र कालोपत्र गर्न बाँकी रहेको उहाँले बताउनुभयो । कम्पनीका प्रतिनिधि अधिकारीले कोबाङ–जोमसोम सडकको सम्पूर्ण काम मङ्सिर मसान्तसम्म सम्पन्न हुने दाबी गर्नुभयो । "हामीले जिम्मा लिएपछि कामलाई तीव्रता दिएका हौँ, सोहीअनुसार काम पनि भइरहेको छ", उहाँले भन्नुभयो, "अहिले कामदार धान काट्न घर गएकाले काम रोकिएको हो, अब एक हप्ताभित्रै कामले निरन्तरता पाउने छ ।" राष्ट्रिय गौरवको बेनी–जोमसोमअन्तर्गतको चौथो खण्ड कोबाङ–जोमसोम सडक कालोपत्र नहुँदा पर्यटक, स्थानीयका साथै सवारीसाधन र पैदलयात्रीलाई सास्ती हुँदै आएको छ । कोबाङ–जोमसोम सडक पूरा भएमा मुस्ताङ र म्याग्दीको सिमाना घाँसाबाट कागबेनी–मुक्तिनाथसम्मको आवागमन सहज हुनेछ ।

# देशका ७७ जिल्लामा एमालेका सभा सम्पन्न

रासस
काठमाडौं, २९ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले शनिबार ७७ वटै जिल्लामा जनप्रदर्शनसहित जनसभा गरेको छ ।

पार्टीको प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले तेस्रो चरणको कार्यक्रमअन्तर्गत आज जिल्लास्तरमा जनसभा गरेको बताउनुभयो । जिल्लामा हुने सभालाई पार्टीका केन्द्रीय नेतादेखि शीर्ष नेताहरूले सम्बोधन गर्नुभएको छ ।

उहाँका अनुसार आजको जनसभामा महासचिव शङ्कर पोखरेलले बाँकेको नेपालगञ्ज, उपमहासचिव प्रदीप ज्ञवालीले गुल्मी र उपमहासचिव पृथ्वीसुब्बा गुरुङले लमजुङको आमसभालाई सम्बोधन गर्नुभएको छ । यसैगरी रुपन्देहीको कार्यक्रममा सचिव छविलाल विश्वकर्मा, झापाको विर्तामोडमा सचिव पद्मा अर्याल र कैलालीको धनगढीमा सचिव लेखराज भट्टले सम्बोधन गर्नुभएको छ ।

एमालेले भदौ २३ र २४ मा 'जेनजी' प्रदर्शनका क्रममा भएका घटनाको निष्पक्ष छानबिन, तोडफोड, लुटपाट र आगजनीमा संलग्नलाई कारबाही तथा प्रतिनिधिसभा पुनःस्थापनालगायत माग गर्दै जनप्रदर्शन र सभा गरेको प्रचार विभाग प्रमुख गौतमले जानकारी दिनुभयो । मुलुकमा विकसित राजनीतिक घटनाक्रम र एमालेको आगामी बाटोका विषयमा कार्यकर्तालाई जानकारी गराउन सभा गरिएको उहाँले बताउनुभयो । यसअघि एमालेले यही कात्तिक २२ गते देशका सबै वडामा वडा भेला र कात्तिक २५ गते ७५३ वटै पालिकास्तरमा भेला सम्पन्न गरिसकेको छ ।

# एभरेस्ट एफएमको रक्तदान मंसिरमा

पोखरापत्र संवाददाता
पोखरा, २९ कात्तिक

पोखराबाट प्रशारण हुने एभरेस्ट एफएम ९३ मेगाहर्जको आयोजनामा यहि मंसिर ६ गते रक्तदान कार्यक्रम आयोजना हुँदैछ ।

रक्तदान कार्यक्रम एभरेस्ट मिडिया हाउस प्रालिद्वारा सञ्चालित एभरेस्ट एफएम र एभरेस्ट आवाज डटकमको संयुक्त आयोजनामा रेडियो प्राङ्गण पोखरा-५ प्रस्याङमा हुनेछ । सो दिन बिहान ७ बजेदेखि १२ बजेसम्म रक्तदान कार्यक्रम हुने जनाइएको छ ।

हरेक वर्ष आफ्नो वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्दै आएको रक्तदान कार्यक्रम अन्तर्गत 'नियमित रक्तदान गरौं, जीवन बचाउने अभियानमा सहभागी बनौं' भन्ने मूल नाराका साथ हुने रक्तदान कार्यक्रममा रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोग रहेको रेडियोका प्रमुख दीपेन्द्र श्रेष्ठले जानकारी दिए ।

रेडियोले 'म त रक्तदान गर्दैछु, तपाईं नि ? भन्ने नारासहित रक्तदान कार्यक्रमको क्याम्पेनिङ गरिरहेको छ । रेडियोले एफएमबाट सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ भने स्कुल तथा कलेजमा पनि सचेतना अभियान सञ्चालन गरिने प्रमुख श्रेष्ठले बताए । १७ बर्ष उमेर पुगेका, ६५ बर्ष ननाघेका, ४५ केजी तौल भएका, अघिल्लो पटक रक्तदान गरेका ३ महिना अर्थात ९० दिन पूरा भएका, पिरियड र महिलाको हकमा मासिक रक्तश्राव भएको छैटौं दिन पुगेका, मेजर अपरेसन नगरेका, क्यान्सर, किड्नी ट्रान्सप्लान्ट नगरेका, ब्लड प्रेसर नर्मल (औषधि खाइरहेको भए पनि बि पि ठिक छ भने दिन मिल्ने भएकाले ढुक्कले रक्तदान गर्न सक्ने रक्त संचार केन्द्र पोखराका प्राबिधिक प्रमुख अर्जुन ज्ञवालीले बताए ।

एभरेस्ट मिडिया हाउसले एभरेस्ट एफएम ९३ मेगाहर्ज र एभरेस्ट आवाज डटकम सञ्चालन गर्दै आएको छ ।

# सयपत्री सहकारीको १६ औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २९ कात्तिक

सयपत्री सहकारी संस्था लिमिटेडले आफ्नो १६ औं वार्षिकोत्सव मनाएको छ । विभिन्न सामाजिक उत्तरदायित्व पूरा गर्दै आएको सहकारीले उत्कृष्ठ कारोबार गर्ने, एसईमा उत्कृष्ठ अंक ल्याउने सेयर सदस्यका छोराछोरीलाई सम्मान तथा सहकारी प्रशिक्षण दिँदै नियमित वार्षिकोत्सव सम्पन्न गरेको सहकारीले जनाएको छ ।

कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. ११ का अध्यक्ष प्रेमप्रसाद कर्माचार्यले सयपत्री सहकारीले सामाजिक कार्यमा देखाएको अग्रसरता सकारात्मक भएको बताएका थिए । उनले संस्थागत गतिशीलताको प्रशंसा गर्दै सहकारी क्षेत्रको विकासमा रचनात्मक गतिविधिले प्रेरणादायी भूमिका खेल्ने बताए । उनले आगामी दिनहरुमा मानव सेवा सँगै आर्थिक विकास र स्थानीय क्षेत्रको विकास निर्माणमा ध्यान दिन सक्नु पर्नेमा जोड दिएका थिए । सहकारीबाट लाभांस भन्दा पनि सेयर सदस्यले गर्ने असल कारोबारले सहकारीको भविष्य निर्धारण हुने बताए । सहकारीका अध्यक्ष टीकाबहादुर कार्कीको अध्यक्षतामा भएको




कार्यक्रम सञ्चालक सहकारीका सचिव बसन्तराज कोईरालाले गरेका थिए । सहकारीका उपाध्यक्ष धर्मप्रसाद बास्तोलाले स्वागत गरेको सभामा सल्लाहकार विश्वराज बस्तोलाले ऋण असुलीमा स्ट्रोङ मेकानिजम आवश्यक रहेको बताए । आर्थिक संकट, बलियो धितो र सेयर सदस्यको सुझावलाई गहन ढंगबाट नियाल्न सञ्चालक समितिलाई आग्रह गरेका थिए । कार्यक्रममा जिल्ला सहकारी संघका दीपकप्रसाद घिमिरेले दोहोरो सदस्यता कायम हुँदा सहकारीहरुमा समस्या परेको भन्दै पारदर्शिता अपनाउन, कार्यक्षेत्र तौक्न, ठूलो लगानी नगर्न, प्रबन्धकलाई तालिमको व्यवस्था गर्न, आवश्यक कर्मचारीमात्र राख्न, ऋण असुलीमा ध्यान दिन सक्नु पर्नेमा जोड दिएका थिए । सभामा अध्यक्ष टीकाबहादुर कार्कीले अध्यक्षको, सचिव बसन्तराज कोइरालाले सचिवको र कोषाध्यक्ष नारायणप्रसाद बास्तोलाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । २ अर्ब बढी कारोबार गर्दै आएको सयपत्री सहकारीको नेतृत्व गरिरहेका अध्यक्ष कार्कीले संस्थालाई जीवित, सक्रिय र विश्वसनीय बनाउन सबैको पहल आवश्यक हुने बताएका थिए । समाजसेवामा राम्रो छाप बनाएका कार्कीले सदस्यहरुको अमूल्य योगदानले आजसम्म पोखराको नमूना सहकारीमा स्थापित भएको बताए । अध्यक्ष कार्कीले संस्थाको निरन्तर प्रगतिको लागि कारोबार गर्दा सयपत्रीलाई नै सम्झन आग्रह गर्दै सहकारीमा अनावश्यक आर्थिक भार पर्ने गतिविधि रोक लगाएको बताए । कार्यक्रममा सहकारीका प्रबन्धक विकाश सुवेदीले सहकारीले आफ्नो स्थापनाकालदेखि नै सामाजिक उत्तरदायित्व, पारदर्शिता र सदस्यको सेवामा समर्पित रहिरहेको बताएका थिए । आर्थिक गतिविधि बारे प्रस्टयाउँदै सयपत्री सहकारीको सबै सूचक अत्यन्त राम्रो भएको उल्लेख गरे ।

# माघ १४ को पर्खाइमा वालिङवासी

पोखरापत्र संवाददाता
स्याङ्जा, २९ कात्तिक

वालिङ स्याङ्जाकै मध्य भागमा पर्ने एउटा प्रमुख व्यापारिक केन्द्र हो । जिल्लाको आधा र पर्वत, गुल्मी, पाल्पा, तनहुँको समेत पायक पर्ने शहर आँधीखोलाको किनारमा रहेको छ ।

समथर भुभाग र एतिहासिक आँधीखोलाको किनारमा बसेको बजारले वालिङलाई सुन्दर शहरका रुपमा चिनाउन मद्धत गरिरहेको छ । यही शहरमा प्रत्येक दुई–दुई बर्षमा संचालन हुने एतिहासिक महोत्सवले वालिङलाई देश मात्रै नभएर बिदेशमा समेत चिनाउन सहयोग गर्दै आएको छ । हरेक दुई–दुई बर्षमा वालिङवासीलाई एउटा महत्वपूर्ण चाड आएझैं हुन्छ । त्यो महत्वपूर्ण दिन हो माघ १४ देखी २५ गतेसम्म । वालिङको पहिचान बोकेको वालिङ महोत्सव माघ १४ देखी शुरु हुदैछ । त्यसैको पर्खाइमा वालिङवासी बसेका छन् । वालिङ उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको नवौं वालिङ महोत्सवका लागि माघ १४ गतेको दिनको पर्खाइमा वालिङवासी रहेका छन् । हरेक २–२ बर्षमा आयोजना हुँदै आएको महोत्सव यो बर्ष गर्ने भनेर वालिङ उद्योग वाणिज्य संघले गत फागुनमै निर्णय गरेको थियो ।

वालिङ उद्योग वाणिज्य संघले निकाल्दै आएको क्यालेण्डर २०८२ मा समेत मिति उल्लेख गरिसकेको छ । प्रादेशिक कृषि, पर्यटन, सांस्कृतिक एवंम औद्योगिक व्यापार मेलाका रुपमा उद्योग वाणिज्य संघले नवौं महोत्सवलाई अगाडी सारेको छ । गण्डकी प्रदेशमै लेखनाथ महोत्सवपछि सफल हुदै आएको वालिङ महोत्सव तयारीका लागि उद्योग वाणिज्य संघले छलफल सुरु गर्न शुरु गरेको छ ।

'हाम्रो गौरव हाम्रो शान, वालिङ महोत्सव हाम्रो पहिचान' भन्ने नारा सहित गण्डकी प्रदेशस्तरीय नवौं महोत्सवमा व्यापारिक मेला, विद्यालयस्तरीय नृत्य, लोकदोहोरी प्रतियोगिता, सुन्तला प्रदर्शनी, ताजा तरकारी प्रदर्शनी, अर्गानिक कफी प्रदर्शनी, पशुपंक्षी सम्बन्धि उन्नतजात तथा प्रविधिको प्रदर्शनी, अदुवा तथा जडिबुटीको प्रदर्शनी, सूचना प्रविधि तथा शैक्षिक प्रदर्शनी, खेलकुद प्रतियोगिता, बालउद्यान, हस्तकला प्रदर्शनी, हस्तकला प्रदर्शनी लगायत स्थानीय कलासंस्कृति प्रदर्शनी हुने वालिङ उद्योग वाणिज्य संघका कार्यालय सचिव बाबुराम रेग्मीले जानकारी दिए । महोत्सवमा १० करोडको अल्पकालिन कारोवार र ३ लाख दर्शक भित्राउने लक्ष्य लिइएको छ । १ करोड ७६ लाख आम्दानी, १ करोड २ लाख खर्च गर्दै ७३ करोड बचत गर्ने अनुमान आयोजकको छ । नवौं वालिङ महोत्सव २०८२ विगतका भन्दा फरक र पृथक बनाउने लक्ष्य सहित वालिङ उद्योग वाणिज्य संघ अगाडी बढेको संघका अध्यक्ष चेतनारायण श्रेष्ठले बताए । यो महोत्सव वालिङको मात्रै नभएर जिल्लाकै पहिचान हो भन्ने विश्वास बोकेर अगाडी बढेको संघले जनाएको छ । जिल्लाको पर्यटन र संस्कृतिलाई विशेष महत्व दिइने वालिङ महोत्सवले कृषि उत्पादनलाई बजारीकरणमा समेत टेवा दिदै आएको छ । नवौं महोत्सवको संस्करण सम्म आइपुग्दा वालिङवासी मात्रै नभएर जिल्लावासी नै सफल बनाउन लाग्ने देखिएको छ ।

# समस्याग्रस्त सडकमा काम सम्पन्न गर्ने चुनौती

**कृष्ण न्यौपाने**
दमौली, २९ कात्तिक

तनहुँका तीन ठूला सडक आयोजना निर्माण सुरु भएको लामो समय भएपनि सम्पन्न गर्न नसक्दा चुनौति थपिएको छ । गण्डकी प्रदेश सरकारको बजेटमा निर्माण सुरु गरिएका यहाँका तीन सडकलाई समस्याग्रस्त आयोजनामा राखिएको छ।

भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयको बजेटबाट सुरु गरिएका जिल्लाका तीन सडकलाई पूर्वाधार विकास कार्यालय तनहुँले समस्याग्रस्त आयोजनाका रूपमा राखेको कार्यालय प्रमुख रवीन्द्र तिवारीले जानकारी दिनुभयो । तिवारीका अनुसार आँबुखैरेनी छिम्केश्वरी सडक, दुलेगौडा हर्कपुर सडक र भानुमार्ग चन्द्रावती पिलिगार्ग, कुन्छा कालीमाटी सडकलाई समस्याग्रस्त आयोजनाका रूपमा राखिएको जानकारी दिँदै उक्त सडक सम्पन्न हुन नसक्दा समस्या भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "लामो समयदेखि निर्माण सुरु भएर पनि समयमै काम सम्पन्न हुन नसकेका यी आयोजनामा काम सम्पन्न गराउन खबरदारी गर्दै आएका छौं ।"



आँबुखैरेनी छिम्केश्वरी सडक (पहिलो खण्ड) कालोपत्रका लागि विसं २०७६ मङ्सिर ६ गते सम्झौता भएको थियो । विसं २०७८ फागुन १३ गतेसम्म सम्पन्न गर्नुपर्ने म्याद भए पनि पटक-पटक म्याद थप गरिएको कार्यालयले जनाएको छ । उक्त सडकको अन्तिम विसं २०८२ असोजसम्म थियो । प्रमुख तिवारीका अनुसार उक्त सडकको भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ८९ प्रतिशत भएको छ। उक्त सडकका लागि रु ३६ करोड पाँच लाख ५० हजार पाँच सय १५ मा एमएस शर्मा काष्ठमण्डप जेभी बल्खुसँग सम्झौता भएको थियो । १६ किलोमिटर लम्बाइ उक्त सडकका लागि रु ३१ करोड ९२ लाख ९७ हजार चार सय ४२ भुक्तानी भइसकेको छ। गत आर्थिक वर्षमा उक्त सडकका लागि रु तीन करोड ५० लाख बजेट विनियोजन भएको थियो। भानुमार्ग चन्द्रावती पिलिमार्ग कुन्छा कालिमाटी सडक निर्माणका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । सम्झौता अनुसार विसं २०७८ माघ १५ गते सम्पन्न गर्नुपर्ने थियो । तर उक्त खण्डमा पनि पटक पटक म्याद थप गरिएको छ। हाल उक्त सडकको म्याद विसं २०८२ चैतसम्म थप भएको छ । १० दशमलव १२ किलोमिटर उक्त खण्डमा हालसम्म ५० प्रतिशत भौतिक र ५० प्रतिशत वित्तीय प्रगति भएको छ । रु २३ करोड दुई लाख ८० हजार छ सय ६१ को लागतमा एमएस शङ्करमालि निर्माण सेवा प्रालिसँग सम्झौता भएकामा रु दश करोड ११ लाख एक हजार सात सय ५० भुक्तानी भएको छ। गत आर्थिक वर्षमा उक्त सडकका लागि रु तीन करोड ५० लाख बजेट विनियोजन गरिएको थियो । यस्तै एमएस शङ्करमाली निर्माण सेवाले नै ठेक्का पाएको दुलेगौडा हर्कपुर सडकको काम पनि अलपत्र छ । उक्त सडक स्तरोन्नतिका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । विसं २०७८ माघ १५ मा सकिनुपर्नेमा उक्त खण्डको म्याद पनि पटक पटक थप भएको छ । हाल विसं २०८२ चैत प्रस्ताव गरिएको पूर्वाधारा विकास कार्यालयले जनाएको छ।

उक्त सडकमा ५० प्रतिशत भौतिक र ५० प्रतिशत वित्तीय प्रगति भएको छ । हालसम्म रु १३ करोड चार लाख ११ हजार सात सय ५३ भुक्तानी भएको छ । गत आर्थिक वर्षमा उक्त सडकका लागि रु दुई करोड बजेट विनियोजन भएको थियो । १० दशमलब १८ किलोमिटर सडक स्तरोन्नतिका लागि रु २५ करोड ९९ लाख दुई हजार आठ सय ९५ मा सम्झौता भएको थियो । शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकासँग जोडिने उक्त खण्डको दूरी २३ किलोमिटर छ।

# दशनामी समाज कास्कीको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २९ कात्तिक

नेपाल दशनामी समाज जिल्ला कार्यसमिति कास्कीले १२ औं वार्षिक साधारण सभा शनिबार पोखरामा सम्पन्न भएको छ।

साधारण सभाको उद्घाटन नेपाल दशनामी समाजका केन्द्रीय वरिष्ठ उपाध्यक्ष तारा गिरीले गरे । उनले साधारण सभाको उद्घाटनपछि बोल्दै दशनामी समाजको हकहितका लागि सबै एकताबद्ध भएर अगाडी बढनुपर्नेमा जोड दिए । उनले दशनामी समाजका लागि हुने सकरात्मक कार्यलाई सबैले साथ दिनुपर्ने बताउदै अब हुने केन्द्रीय महाधिवेशनबाट कास्कीले नेतृत्व लिनका पहल गर्नुपर्नेमा जोड दिए । उनले महाधिवेशन पोखरामा गर्न कास्कीले निर्णय गर्नसके नेतृत्वका लागि सहज हुने बताए। नेपाल दशनामी समाजका केन्द्रीय महिला उपाध्यक्ष सरस्वती गिरीले दशनामी बन्धुहरुवीच




एकता हुनुपर्ने बताउदै कास्कीलाई केन्द्रीय नेतृत्व छाड्नका लागि आफु सहयोग गर्न तयार रहेको बताइन् । उद्घाटन कार्यक्रममा गण्डकी विश्वविद्यालयका डिन हिमराज गिरी, विश्व हिन्दु परिषद्का राष्ट्रिय अध्यक्ष शंकर खराल, दशनामी समाजका केन्द्रीय सल्लाहाकार सदस्य गोपाल गिरी, दशनामी समाज कास्कीका अध्यक्ष भरत गिरी, दशनामी महिला समिति कास्कीका अध्यक्ष सपना गिरी लगायतले दशनामीका विषयमा बोलेका थिए । साधारण सभाले सचिव बोधराज गिरीले सभा पेश गरेको बार्षिक प्रतिवेदन र कोषाध्यक्ष सुनिता गिरीको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गदै सधारण सभा सम्पन्न भएको छ। साधारणसभा नेपाल दशनामी समाज कास्कीका अध्यक्ष भुपेन्द्र गिरीको अध्यक्षतामा भएको थियो भने संचालन सचिव बोधराज गिरीले गरेका थिए।

# न्यु मोडेलकी सुसम रानाभाट पिस पोस्टर प्रतियोगितामा प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २९ कात्तिक

लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५'जे' नेपालअन्तर्गत लायन्स क्लब अफ पोखरा सिमलचौतारीद्वारा आयोजित वार्षिक पिस पोस्टर प्रतियोगितामा न्यु मोडेल सेकेन्डरी स्कुल, नागढुंगाकी कक्षा ७ मा अध्ययनरत छात्रा सुसम रानाभाटले प्रथम स्थान हासिल गरेकी छन् ।

विश्वव्यापी शान्ति र सहअस्तित्वको सन्देश फैलाउने उद्देश्यका साथ आयोजना गरिएको यस प्रतियोगितामा पोखराका १५ वटा विद्यालयका विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो । आयोजकका अनुसार, विद्यार्थीहरूले शान्तिका विभिन्न आयामहरूलाई आआफ्नो सृजनात्मक शैलीमा प्रस्तुत गरेका थिए। लायन्स क्लब अफ पोखरा सिमलचौतारीका अध्यक्ष तथा विद्यालयका सहप्राचार्य पदम वस्ताकोटीले यस वर्षको शान्ति पोस्टर प्रतियोगिता 'सँगसँगै मिलेर एक हौं' भन्ने मूल नारामा आधारित रहेको जानकारी दिए। उनले यस प्रतियोगितामार्फत् विद्यार्थीहरूमा विश्वमैत्री, सहिष्णुता र एकताको




भावना जागृत गर्ने क्लबको उद्देश्य पुनः पुष्टि भएको बताए । वस्ताकोटीका अनुसार पिस पोस्टर प्रतियोगिता लायन्स इन्टरनेसनलको विश्वव्यापी अभियानको एक हिस्सा हो र यसबाट छनोट भएका उत्कृष्ट कलाकृतिहरूलाई प्रदेश तथा राष्ट्रिय तहसम्मको प्रतिस्पर्धाका लागि सिफारिस गरिनेछ।

प्रतियोगिताका निर्णायक कलाकार कृष्ण गुरुङले सुसम रानाभाटको चित्रकलाले शान्ति, सहकार्य र साझा यात्राको प्रतीकात्मक प्रस्तुतिलाई अत्यन्त प्रभावकारी ढङ्गले अभिव्यक्त गरेको बताए । उनका अनुसार सुसमले प्रयोग गरेको रङ्ग संयोजन, विषयको स्पष्टता र कलात्मक अभिव्यक्तिले अन्य प्रतिस्पर्धीहरूको तुलनामा भिन्न र उत्कृष्ट पहिचान स्थापित गरेको थियो । सुसम रानाभाटको यो सफलताप्रति विद्यालय परिवार, अभिभावकले खुसी व्यक्त गरेका छन् । विद्यालयका शिक्षकहरूले सुसम अध्ययनमा मात्र नभई सृजनात्मक कलामा पनि अत्यन्त सक्षम र परिश्रमी छात्रा रहेको बताएका छन् ।

# अन्नपूर्णमा टोल टोलमा पुगेर स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ कात्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले टोल टोलमा पुगेर सर्वसाधारणको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाएको छ।

स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य एकाइ नभएको टोलमा पुगेर रोग पहिचानका लागि स्वास्थ्यकर्मीहरूले स्वास्थ्य परीक्षण गरेका हुन्। गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख समुन्द्र बरुवालले हरेक महिना स्वास्थ्यकर्मीहरू प्रत्येक टोलमा पुगेर सुगर (चिनीरोग) र प्रेसर (रक्तचाप)को परीक्षण गर्ने व्यवस्था मिलाएको जानकारी दिनुभयो।

"ज्येष्ठ नागरिक, बालबालिका र विपन्नहरूलाई लक्षित गरेर स्वास्थ्यकर्मी टोलमै पुगेर स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइएको हो", उहाँले भन्नुभयो, "रोगको पहिचान गरी उपचारको पहुँचमा ल्याउन टोलटोलमा स्वास्थ्यकर्मी कार्यक्रम प्रभावकारी बनेको छ।"

गत आर्थिक वर्षमा यो कार्यक्रमबाट एक हजार २०० जना लाभान्वित भएका थिए। परीक्षणका लागि सुरु गरेको कार्यक्रम प्रभावकारी बनेपछि यस वर्ष पनि आवश्यक सामग्रीसहित स्वास्थ्यकर्मीलाई टोलटोलमा परिचालन गरिएको स्वास्थ्य शाखा प्रमुख बरुवालले



बताउनुभयो।

स्वास्थ्य संस्थामा पाइने औषधि लिएर टोलमा पुग्ने स्वास्थ्यकर्मीहरूले परामर्शका साथै निःशुल्क औषधि उपलब्ध गराउने गरेका छन् । परीक्षणका क्रममा समस्या देखिएकालाई थप उपचारका लागि अस्पताल जान सुझाउने गर्छन् । टोलमा पुग्ने स्वास्थ्यकर्मीले बच्चाहरूलाई खोप, गर्भवती र नवजात शिशुको तौल पनि लिने गरेका छन् । टोलमै सेवा पाउँदा समयको बचत र उपचारमा सहज पहुँच स्थापित भएको अन्नपूर्ण गाउँपालिका-५ स्वाँतकी वीनाकुमारी तिलिजाले बताउनुभयो।

आठ वटा वडा रहेको अन्नपूर्ण गाउँपालिकामा आठ वटा स्वास्थ्यचौकी, छ वटा सामुदायिक स्वास्थ्य एकाइ र दानामा आयुर्वेद स्वास्थ्य केन्द्र छ। छरिएका बस्तीहरू रहेको र स्वास्थ्यचौकी तथा एकाइमा पुग्न घण्टौं हिँड्नुपर्ने टोलमा स्वास्थ्यकर्मी परिचालन गरिएको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

तोकिएको समयमा गर्भ परीक्षण र संस्थागत प्रसूति हुनेलाई घरमै पुगेर भाले उपहार दिने गरिएको छ। अन्नपूर्ण गाउँपालिकाले घरमा प्रसूति हुनेको सङ्ख्यालाई लगातार दोस्रो वर्ष शून्य अङ्कमा कायम राखेको छ। यहाँ आव २०८१/०८२ मा ७९ र २०८०/८१ मा ९१ जनाले सुरक्षित प्रसूति सेवा लिएका छन् । आव २०७९/८० मा १३९ मध्ये १३५ जनाले संस्थागत प्रसूति सेवा लिँदा एक जनाले मात्र घरमा र चार जनाले मृत बच्चा जन्माएका थिए।

# प्रयोगविहीन वृद्धाश्रममा मानसेवा आश्रम सञ्चालन गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ कार्तिक

निर्माण भएको दुई वर्षसम्म पनि सञ्चालनमा आउन नसकेको वृद्धाश्रममा अब मानव सेवा आश्रम सञ्चालन गरिने भएको छ । बागलुङ नगरपालिका-४ निरयघाटमा रु दुई करोड २६ लाख लगानीमा निर्माण भएको वृद्धाश्रममा मानव सेवा आश्रम सञ्चालन गरिने बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो।

नगरपालिकाले परिवारबाट अपहेलनामा परेका ज्येष्ठ नागरिकलाई आश्रय दिने उद्देश्यले २०७८ सालमा सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत वृद्धाश्रम निर्माण सुरु गरेकामा प्रयोगमा नआएर जीर्ण बन्न थालेपछि अब सहयोगापेक्षी मानवका लागि आश्रम सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो । उपप्रमुख राजु खड्काले वृद्धाश्रममा आश्रय लिन कोही नआएपछि केही समयका लागि मानव सेवा आश्रम सञ्चालनका लागि पहल भएको बताउनुभयो।

हाल वृद्धाश्रम छेउमै मानव सेवा आश्रमको भवन निर्माण भइरहेको छ । निरयघाटमा जङ्गेश्वर महादेव लक्ष्मीनारायण गुठीको पाँच रोपनी जग्गामा निर्माण गरिएको वृद्धाश्रममा ध्यान केन्द्र, नर्सिङ सेन्टर, भान्सा र डाइनिङसहित १४ कोठा छन्।

मानव सेवा आश्रममा क्षमताभन्दा बढी सहयोगापेक्षीले आश्रय लिइरहेकाले अर्को व्यवस्था नभएसम्मका लागि वृद्धाश्रम प्रयोग गर्ने विषयमा तयारी अगाडि बढेको आश्रमकी सञ्चालिका विपना तामाङले जानकारी दिनुभयो।

# ताकममा सेनाको स्वास्थ्य शिविर : करिब दुई सय जना लाभान्वित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ कार्तिक

नेपाली सेनाको गुरु गोरख गुल्म अर्थुङ्गे ब्यारेकको आयोजनामा शुक्रबार म्याग्दीको धवलागिरी गाउँपालिका-७ ताकममा सम्पन्न भएको स्वास्थ्य शिविरमा करिब २०० जना लाभान्वित भएका छन्।

धवलागिरी र मालिका गाउँपालिकामा निर्माणाधिन ५३ दशमलब पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१ जलविद्युत आयोजनाको प्रर्वद्धक अपर म्याग्दी हाइड्रोपावरको सहयोगमा शिविर सञ्चालन भएको हो । शिविरमा ११३ जना महिला र ७१ जना पुरुष गरी १८४ जना लाभान्वित भएका गुरु गोरख गुल्मका गुल्मपति रामभोला खड्काले बताउनुभयो।

नेपाली सेनाको श्री नं २३ फिल्ड एम्बुलेन्स गुल्म बागलुङका प्राविधिक सहसेनानी डा असिम भण्डारी, प्रादेशिक अस्पताल बेनीका डा सागरबाबु ढकाल, गुरु गोरख गुल्म र ताकम स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण, परामर्श र निःशुल्क औषधि वितरणसम्बन्धी सेवा दिनुभएको थियो । दाँत, आँखा, कान, जनरल चेकजाँच तथा अन्य सेवा प्रदान गरिएको थियो। ताकम, धारापानी, हिलापोखरी, काफलडाडा, शिवाङ, मच्छिम, काफलडाडाका बासिन्दाले सेवा लिएका थिए। म्याग्दीको जिल्ला सदरमुकाम बेनी बजारदेखि ४५ किलोमिटर पश्चिममा रहेको ताकम घना बस्ति भएको वडा हो । सामाजिक उत्तरदायित्वका कार्यक्रम अन्तर्गत आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई लक्षित गरेर स्वाथ्य शिविर सञ्चालनका लागि नेपाली सेनालाई सहयोग गरेको अपर म्याग्दी हाइड्रोपावरका वरिष्ठ सामाजिक सुरक्षा प्रबन्धक सुरेश घलेले बताउनुभयो। उहाँले आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिइने जानकारी समेत दिनुभयो।

# ऋषिङमा दुई वटा मतदान केन्द्र थप गर्न सिफारिस : प्रजिअ अधिकारीद्वारा स्थलगत अनुगमन

**पोखरापत्र संवाददाता**
दमौली, २९ कार्तिक

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा दुई वटा मतदान केन्द्र थप गर्न स्थानीय तहबाट सिफारिस भएको छ।

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिले थपघट गर्नुपर्ने भए सिफारिस गर्न आग्रह गरिएबमोजिम ऋषिङ गाउँपालिकाबाट दुई वटा मतदान केन्द्र थप गर्न सिफारिस भएर आएको हो । प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले ऋषिङ गाउँपालिका-४ र ६ मा यसअघि एक/एक मतदान केन्द्र रहेकामा थप एक/एक मतदान केन्द्र थप्न सिफारिस भएर जिल्लामा आएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "भूगोल ठूलो भएकाले मतदान केन्द्रसम्म पुग्नै दुई



घण्टाभन्दा बढी लाग्ने देखिएको छ। सहज रूपमा मतदान गर्ने व्यवस्था मिलाउन पालिकाबाट थपका लागि सिफारिस भएर आएको छ।"

आइतबार बस्ने समितिको बैठकले जिल्लाका मतदान केन्द्र र मतदानस्थलका बारेमा निर्णय गर्ने प्रजिअ अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचन आयोगले कात्तिक ३० गतेभित्र निर्णय गराएर पठाउन निर्देशन दिएको छ, सोही बमोजिम तयारी गरेका छौं।" ऋषिङ गाउँपालिकाबाट थप गर्न माग गरिएका मतदान केन्द्रको जिल्ला सुरक्षा समितिको टोलीले स्थलगत अनुगमन गरेको छ । तनहुँका दुई वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमा ३०५ मतदान केन्द्र रहेका छन् । २०८२ असोज ८ गतेसम्म जिल्लामा दुई लाख ४७ हजार चार जना मतदाता रहेका छन्। त्यसमध्ये पुरुषको सङ्ख्या एक लाख १९ हजार ८९ जना र महिलाको सङ्ख्या एक लाख २७ हजार ९१५ जना रहेको छ।